नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वनस्पति विभाग

## प्रथम पटक प्रकाशित मिति : २०७८/०१/२१

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा प्रकाशित मिति:२०७८।०१।२१ गते )**

यस विभागको आ.व ०७७।७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सिलबन्दी दरभाउपत्रको माध्यमबाट **Fixation Of Interior Wall For Conference Hall, Recording Studio With Sound Absorption Materials .** सम्बन्धी कार्यका गर्नु पर्ने भएको हुदा नेपाल सरकारबाट ईजाजत प्राप्त, स्थायी मुल्य अभिवृद्दि करमा (VAT) दर्ता भएको, आ.व ०७६।७७ सम्मको कर चुक्ता गरिसकेको , कालो सुचिमा नपरेको योग्य इच्छुक फर्म/कम्पनी बाट उल्लेखित कार्यको लागी रितपुर्वकको सिलबन्दी दरभाउपत्र आब्हान गरिएको छ।

१) दरभाउपत्र सम्बन्धि कागजात यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन २०७८।०२।०४ गते साँझ ५:०० बजे सम्म कार्यालय समय भित्र यस विभागबाट दस्तुर रु .१,०००।०० भुक्तानी गरि (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ।

२) प्रस्तावदाताले दरभाउपत्र फाराम खरिद गर्न सम्बन्धीत फर्म/कम्पनीको तर्फबाट निवेदन साथ फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, मुल्य अभिवृद्दि कर (VAT) दर्ता, आ.व ०७६।७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा व्यावसायिक इजाजतपत्रको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने छ।

३) प्रस्तावदाताले सिलवन्दी प्रस्तावको खाम बाहिर कामको विवरण, ठेक्का नं., कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्वर उल्लेख गरी १६ औं दिनको १२ : ०० बजे भित्र (२०७८ जेष्ठ ५ गते) यस विभागको जिन्सी शाखामा प्रस्ताव दर्ता गरिसक्नु पर्नेछ। सो दिन बिदा परेमा सो को भोलीपल्ट उल्लेखित समय भित्र प्रस्ताव दर्ता गर्न सकिनेछ।

५) प्रस्तावदाताले सिलवन्दी दरभाउपत्र जमानत वापतको रकम, नेपाल राष्ट्र बैंक, बालुवाटारमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहलको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा (यस विभागको कोड नं. ३२९०२३५०१/२७३२९०३.) जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबर कुनै वाणिज्य बैङ्कबाट यस विभागको नाममा जारी गरिएको बैङ्क ग्यारेण्टी पेश गर्नु पर्नेछ। उक्त बैङ्क ग्यारेण्टी दरभाउ पेश गर्ने अन्तिम मितिबाट ७५ दिन सम्मको मान्य अविधि भएको हुनुपर्नेछ।

६) १६ औं दिनको (२०७८।०२।०५) दिउसो २:०० बजे दर्ता भएका सबै प्रस्तावहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

७) अंक र अक्षरमा लेखिएको रकममा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइ सोही अनुरुप गरिने छ। केरमेट भएको ठाऊमा सहिछाप भएको हुनु पर्नेछ।

८) शिलबन्दी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस विभागमा सुरक्षीत रहने छ।

९) रित नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको सिलवन्दी दरभाउ प्रस्ताव पत्र उपर कुनै कारवाही हुने छैन।

१०) आयकर लगायत स्थानिय कर र नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै कर (मु.अ.कर बाहेक) सम्बन्धित दरभाउपत्रदाताले स्वयम व्यहोर्नु पर्नेछ।

११) दरभाउपत्रमा भाग लिन फर्म अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको, ठेक्का सम्बन्धी पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम ४० को उपनियम २ (ङ) बमोजिमको घोषणापत्र प्रस्तावपत्रदाताले पेश गर्नु पर्नेछ।

१२) सुचनामा परेका व्यहोराहरु बाहेक अन्यको हकमा सार्वजिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनुका साथै कुनै संशोधन भएमा यस विभागको सुचना पाटीमा सुचना टाँस गरि जानकारी गराईनेछ।

१३) दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ।

१४) दरभाउपत्र सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा यस विभागमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

### तपसिल

| ठेक्का नं. | कार्य विवरण | कार्य स्थान | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दस्तुर रु. | लागत अनुमान रकम रु. (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| 06/DPR/SQ/2077-078 | Fixation Of Interior Wall For Conference Hall, Recording Studio With Sound Absorption Materials . | योजना तथा अनुगमन शाखा, वनस्पती विभाग | २८,०००।०० | १,०००।०० | ९,३४,६००।०० | |

सर्म्पक व्यक्ती क.अ अर्जुन न्यौपाने ०१४२१९०६२

महानिर्देशक